कल्याणपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सिरहा

मधेश प्रदेश, नेपाल

फोन नं.०३३४०३०६३
Web:kalyanpurmun.gov.np
E-kalyanpurmun2073@gmail.com


पत्र संख्या :-२०८३/०८४

मिति :-२०८३/०५/१३

## प्रेस विज्ञप्ति

मिति २०८३ भाद्र १० गते बुधबारका दिन रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक बाढीका कारण भएको ठूलो मानवीय तथा भौतिक क्षति भएको घटनाप्रति कल्याणपुर नगरपालिका, सिरहा परिवार गहिरो दुःख व्यक्त गर्दछ। उक्त प्राकृतिक विपद्मा परी अमूल्य जीवन गुमाउनुहुने दिवङ्गत आत्माहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं। साथै, सम्पूर्ण घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ र बेपत्ता हुनुभएका नागरिकहरूको शीघ्र खोजी तथा सम्पर्कको कामना गर्दछौं।

यस प्राकृतिक विपद्का कारण निजी तथा सार्वजनिक सम्पत्ति, सडक, पुल, विद्युत्, सञ्चार तथा स्थानीय पूर्वाधारमा अपूरणीय क्षति पुगेको छ। यस्तो कठिन परिस्थितिमा प्रभावित नागरिकहरूको उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माण कार्यमा सहयोग पुऱ्याउनु सम्पूर्ण स्थानीय सरकारहरूको समेत साझा मानवीय दायित्व हो भन्ने विषयलाई आत्मसात गर्दै कल्याणपुर नगरपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५,००,०००।- (अक्षरेपि पाँच लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएको छ।

विपद्को यस कठिन घडीमा प्रभावित नागरिकको साथमा स्थानीय सरकार सधैं उभिएको प्रतिबद्धता व्यक्त गर्दै देशका विभिन्न स्थानबाट प्राप्त हुने एकीकृत सहयोगले राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा थप बल पुग्ने विश्वास व्यक्त गर्दछौं। साथै, कल्याणपुर नगरपालिका सम्पूर्ण नगरवासी, उद्योगी, व्यवसायी तथा सम्बन्धित सबै पक्षलाई विपद्को यस समयमा मानवीय सहयोग र एकताको भावना कायम राख्न हार्दिक अपिल गर्दछ।

का.वा. नगर प्रमुख